# प्रेस विज्ञप्ती

वैशाख ०४, २०७९

## सिद्धार्थ बैंकलाई 'कर्पोरेट फुटसल च्यालेन्ज २०७९' को उपाधी

राउण्ड टेबल नेपालले वैशाख ३ गते आयोजना गरेको 'कर्पोरेट फुटसल च्यालेन्ज २०७९' प्रतियोगिताको उपाधि **सिद्धार्थ बैंकले** जित्न सफल भएको छ ।

शनिबार महाराजगञ्ज स्थित ढुकु फुटसल मैदानमा भएको फाइनल खेल निर्धारित समय सम्ममा आइपुग्दा एक एक गोलको बराबरीमा सकिएपछि टाइब्रेकरमा प्रतिस्पर्धी टिमलाई तिन दुई गोलले हराउँदै सिद्धार्थ बैंकले उपाधी जितेको हो । टाइब्रेकरमा सिद्धार्थ बैंकको तर्फबाट शान्ति राम कार्की, राजु श्रेष्ठ र राम सुन्दर कोजुले गोल गरेका थिए । उक्त फुटसल प्रतियोगितामा सिद्धार्थ बैंकको तर्फबाट दिपेन्द्र खड्का उत्कृष्ट गोलरक्षकका रुपमा पुरस्कृत भएका थिए ।